फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

## अमिलोजात फलफूल बालीमा लाग्ने औंसा कीरा नियन्त्रणको लागि विषादी माग गर्ने किसानहरुले २५ प्रतिशत रकम जम्मा गर्ने सम्वन्धी सूचना ।

(प्रकाशित मितिः२०७९/११/२३)

मन्थली नगरपालिका र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, रामेछापको सहकार्य तथा कृषकहरुको २५ प्रतिशत लागत साझेदारीमा यस नगरपालिकाको वडा नं ४, १३ र १४ मा खेती गरिएका सवै अमिलोजात फलफूल बालीहरु (सुन्तला, जुनार, कागती, निबुवा) मा लाग्ने फल कुहाउँने औंसा कीरा (ब्याक्ट्रोसेरा मिन्याक्स) नियन्त्रण तथा व्यवस्थापनको लागि यस कार्यालयले मिति २०७९/१०/२७ गते प्रकाशित गरेको सूचना अनुसार विभिन्न परिमाणमा प्रोटिन बेट (०.१% एवामेक्टिन) विषादी माग गर्ने कृषक/कृषक समुह/कृषि फार्म/कृषि सहकारीहरुले देहाय अनुसारको रकम मिति २०७९ चैत्र १० गते सम्म सम्वन्धित वडाका कृषि/पशुसेवा प्राविधिकलाई वुझाई भरपाई लिनुहुन सूचित गरिन्छ । तोकिएको समय भित्र २५ प्रतिशत रकम जम्मा नगर्ने किसाहरुलाई सो पश्चात अनुदानमा प्रोटिनवेट उपलब्ध गराउन नसकिने ब्यहोरा समेत सूचित गरिन्छ ।

१) पाँच लिटर भन्दा कम वा पाँच ले भाग नजाने जुनसुकै परिमाणको लागि प्रतिलिटर मूल्य रु. २४०० को पच्चिस प्रतिशत रु. ६००/-

२) पाँच लिटर वा सो भन्दा वढी पाँच ले भाग जाने जुनसुकै परिमाणको लागि प्रतिलिटर मूल्य रु २३०० को पच्चिस प्रतिशत रु. ५७५/-

साथै सम्वन्धित कृषि/पशुसेवा प्राविधिकहरुले देहायको ढाँचामा भरपाई गरी कृषकहरुवाट रकम वुझ्नुहुन अनुरोध छ ।

| कृषक/कृषक समुह/फार्म/सहकारीको नाम | प्रोटिनबेट परिमाण | जम्मा मूल्य रु. | २५ प्रतिशत मूल्य रु. | वुझाउनेको हस्ताक्षर | वुझिलिनेको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११।२३

गोविन्द कुमार कटेल
शाखा अधिकृत